नेपाल सरकार

गृह मन्त्रालय

# प्रहरी प्रधान कार्यालय

## मानव बेचबिखन अनुसन्धान ब्यूरो

(अ.अ. तथा कारवाही शाखा)

PRESS RELEASE

बबरमहल, काठमाण्डौ

मितिः २०७९/०९/१४ गते

पत्र संख्याः०७९/०८०

प्रा.प.सं. :

बिषयः- **नक्कली भिजिट भिसामा रसिया पठाउने मानिस थुनामा।**

**केशको बिबरण :-**

जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (११६) को जाहेरीले बादी नेपाल सरकार प्रतिवादी दिनेश कुमार चौधरी समेत भएको मानब बेचबिखन तथा ओसारपसार मुद्दामा जाहेरवालालाई चेक रिपब्लिक देशमा सिपगार्डमा मासिक पारिश्रमिक दुई लाख कमाइ हुने काममा पठाई दिने भनी जाहेरवाला सँग पटक पटक गरी एघार लाख पचास हजार रुपैया लिई आवश्यक प्रक्रिया हुदैँ छ भनी दुई वर्ष सम्म पनि विभिन्न वहाना गरी जाहेरवालालाई काठमाण्डौमा बोलाई भारतको नयाँ दिल्ली बाट चेक रिपब्लिक पठाउने भनि नयाँ दिल्ली हुदै भारतको पाहाड गञ्ज भन्ने स्थानमा बोलाई विदेश पठाउने कुनै प्रकृया नगरी अलपत्र पारेकोमा जाहेरवाला आफन्तको सहयोगमा नेपाल फर्की आई अब विदेश जादैन भनी प्रतिवादीहरु सँग आफुले विदेश जानको लागी दिएको पैसा माग्दा पैसा फिर्ता गर्न मिल्दैन जसरी पनि तिमी विदेश नै जानु पर्छ पोर्चुगल पठाई दिन्छौ भनी निज जाहेरवालालाई १७ अक्टोबर २०२२( मिति २०७९/०६/३१)मा नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट कतारको दोहा हुँदै भिजिट भिसामा रसिया पठाई दिएकोमा त्यँहाको प्रहरीले एयरपोर्टबाट बाहिर निस्किन नदिई जाहेरवालाको भिसा नक्कली भएको र झुक्यानमा पारी युद्धग्रस्त देश रसियामा पुर्‍याई त्यँहावाट युक्रेनमा लगी श्रम शोषण गर्ने उद्देश्यले बेचबिखन गर्न लागेको हो भनि जाहेरवालालाई जानकारी गराई रसियाको एयरपोर्टबाट नेपाल फिर्ता गरि दिएकोले निज जाहेरवाला नेपाल आई पुगे पछि प्रतिवादी दिनेश कुमार चौधरी ,रुपेश ढकाल समेतको विरुद्धमा मानव बेचबिखन तथा ओसारपसार कसुरमा मिति २०७९/०७/२२ गते जाहेरी दरखास्त दर्ता भई अनुसन्धानको क्रममा प्रतिवादीहरु मध्येका दिनेश कुमार चौधरीलाई मिति २०७९/०८/१५ गते र रुपेश ढकाल लाई मिति २०७९/०८/१६ गते पक्राउ गरी अनुसन्धान कार्य सम्पन्न गरी मिति २०७९/०९/०६ गते अनुसन्धान प्रतिवेदन सहित मिसिल जि.स.व.का बबरमहलमा पेश गरिएकोमा निज प्रतिवादीहरु उपर अभियोग पत्र दायर हुदा सम्मानित काठमाडौ जिल्ला अदालतको मिति २०७९/०९/१३ गतेको थुनछेक आदेशले दिनेश कुमार चौधरी र रुपेश ढकाल लाई पुर्पक्षको लागि कारागार कार्यालय जगन्नाथदेवल सुन्धारा थुनामा पठाएको।

**जाहेरवालाः-** परिबर्तित नाम २६ बबरमहल ११६

१) **पक्राउ अभियुक्तको विवरण :-** प्रतिबादी जिल्ला दाङ साबिक चैलाही गा.बि.स.वडा नं.३ हाल लमही नगरपालिका वडा नं. ६ बस्ने बुबाको नाम चन्द्रदेव चौधरीको छोरा बर्ष ४७ को दिनेश कुमार चौधरी।

२) जिल्ला सिन्धुपाल्चोक साबिक चौतारागढि गा.बि.स.वडा नं. २ हाल परिवर्तीत चौतारा नगरपालिका वडा नं. १० बस्ने सुर्य नाथ ढकालको छोरा बर्ष २३ को रुपेश ढकाल।

३) **कानुनी प्रावधानः-**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ अनुसार अनुसन्धान तथा कारवाही हुने।

**थप जानकारीको लागी**

प्रवक्ता / सूचना अधिकारी : प्र.उ.दान बहादुर मल्ल (सम्पर्क नं.९८५१२८०४४७)

मितिः-२०७९/०९/१४ गते।